# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. : ३८५१

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेतरिया, मोरङ कोशी प्रदेश, नेपाल

अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१२

यस ग्रामथान गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ती गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साइजको फोटो एक प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचयपत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको ट्रान्सकिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभूवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न राखी यस गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्ने छ ।रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । साथै, झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नः ०३-२०७९/८०
२. पदः अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्र)
३. माग संख्याः १ जना
४. सेवाको किसिमः करार सेवा
५. दरखास्त बुझाउने अन्तिम मितिः २०८०/०१/२६ गते कार्यालय समय भित्र
६. उम्मेदवारको छनौट विधिः प्रत्यक्ष मौखिक अन्तरवार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन ।
७. दरखास्त फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः ग्रामथान गाउँपालिकाको कार्यालय ।
८. परीक्षा दस्तुरः रु. ३००।- तीन सय रुपैया मात्र
९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः राजश्व तिरेको भौचर फाराम साथ पेश गर्नु पर्ने ।
१०. परीक्षा सञ्चालन हुने मिति समय र स्थानः अर्को सूचना मार्फत पछि प्रकाशन गरिनेछ ।सोसूचना पालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै, वेवसाइटमा समेत अपलोड गरिनेछ ।
११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।
१२. मासिक तलबः करार सम्झौतामा उल्लेख भए बमोजिम ।
१३. आवश्यक न्यूनतम योग्यताः
क. नेपाली नागरिक
ख. अपाङ्गता भएका व्यक्ति

२०८०/१/१२
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

वेवसाइटः http://gramthanmun.gov.np/इमेल : ito.gramthanmun@gmail.comसम्पर्क नं. ०२१-५९०१२३६६

Scanned with CamScanner

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. :

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरह उत्तीर्ण गरेको ।

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ. अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिएको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

२०८०।१।१

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner